आज मिति २०८२/०५/०९ गते दिनको ४:०० बजे धनगढी उप-महानगरपालिकाका नगर प्रमुख श्री गोपाल हमाल ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक देहायको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १) | श्री गोपाल हमाल | नगर-प्रमुख | |
| २) | श्री कन्दकला कुमारी राना | नगर उप- प्रमुख | |
| ३) | श्री सन्तोष मुडभरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ४) | श्री धर्मराज ओझा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ५) | श्री राज वहादुर ऐर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ६) | श्री बुद्धी बहादुर खड्का | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ७) | श्री गजेन्द्र शाही | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ८) | श्री भागीराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ९) | श्री मोती राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १०) | श्री जुगराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| ११) | श्री प्रेम वहादुर भण्डारी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १२) | श्री शिव कुमार राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १३) | श्री रुप वहादुर कुँवर | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १४) | श्री शेर वहादुर महरा | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १५) | श्री विजय राज जोशी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १६) | श्री मान वहादुर विष्ट | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १७) | श्री सुखदेव रानाथारु | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १८) | श्री रामलाल चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| १९) | श्री माधव राज राना | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २०) | श्री भुवन रिजाल | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २१) | श्री बाँधुराम चौधरी | वडा अध्यक्ष / कार्यपालिका सदस्य | |
| २२) | श्री यशोदा भण्डारी | कार्यपालिका सदस्य | |
| २३) | श्री माया कुमारी भण्डारी (साउद) | कार्यपालिका सदस्य | |
| २४) | श्री निशा कुमारी आउजी | कार्यपालिका सदस्य | |
| २५) | श्री विन्दु तामाङ्ग | कार्यपालिका सदस्य | |
| २६) | श्री सुस्मा चौधरी | कार्यपालिका सदस्य | |
| २७) | श्री अनिल कुमार | कार्यपालिका सदस्य | |
| २८) | श्री चक्र बहादुर नेपाली | कार्यपालिका सदस्य | |
| २९) | श्री महादेव सुनार | कार्यपालिका सदस्य | |
| ३०) | श्री नरेन्द्र बहादुर खाती | प्र.प्र.अ/ सचिव | |

**निर्णय नं. १ :**

भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धि कार्यविधि, २०८१ दफा ६ को उपदफा (२) को खण्ड (ख) को प्रयोजनका लागि देहायको वडाको देहायको क्षेत्रलाई **ग्रामीण क्षेत्र, सहरोन्मुख क्षेत्र र सहरी क्षेत्र तोक्ने** निर्णय गरियो।

१.१ : धनगढी उपमहानगरपालिका, **३ नं. वडा** कार्यालयको प.सं. ०८२।०८३ च.नं. ५०६ मिति २०८२।०५।०९ को निर्णय उतार पठाएको बारे विषयको पत्र साथ संलग्न सम्बन्धित वडा समितिको मिति २०८२।०५।०९ को बैठकको निर्णय नं. १ बाट निर्णय भई आएको वस्तीहरुको देहायको तहगत क्षेत्र अनुसार नै **३ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो।

१.१.१ : ध.उ.न.पा.वार्ड नं. ३ भन्सार ६ लेन जिरो (०) प्वाइन्ट देखि उत्तर वडा नं. १३ को सिमाना (चौराहा, चटकपुर, वोराडाडी हुदै) सम्म मुख्य ६ लेन सडक सँग जोडिएका पहिलो कित्ता **शहरी क्षेत्र** तोक्ने निर्णय गरियो।

१.१.२ : ध.उ.न.पा.वार्ड नं. ३ को मुख्य ६ लेन भन्सार जिरो (०) प्वाइन्ट देखि उत्तर वडा नं ३ को सिमाना र वडा नं १३ को साँधसम्म जोडिएको पहिलो कित्ता बाहेक भन्सार चेक प्वाइन्ट बाट शुरु भएको रिङग पश्चिम उत्तर भन्सार, फिस रिसोर्ट, दक्षिण पुरुवा, पक्की कुवा, कालिका चौक, चटकपुर, गौशाला, फाप्ला, वोराडाडी गाँउ, हिक्मत चौक बाट उत्तर अवस्थी जि को मिल हुदै उत्तर जोड्ने बाटो (भागेश्वर टोल सडक) र ध.उ.न.पा.वार्ड नं. १३ को साँध सम्मको सम्पुर्ण पुर्वीक्षेत्र **शहरउन्मूख क्षेत्र** तोक्ने निर्णय गरियो।

१.१.३ : ध.उ.न.पा.वार्ड नं. ३ भन्सार रिङग रोड जिरो (०) प्वाइन्ट देखि माथी उल्लेख गरिएको शहरी उन्मूख क्षेत्र खण्ड को वडा नं. १३ जोड्ने सिमाना सम्मको सम्पुर्ण पश्चिमी क्षेत्र लाई **ग्रामिण क्षेत्र** तोक्ने निर्णय गरियो।

१.२ : धनगढी उपमहानगरपालिका, **५ नं. वडा** कार्यालयको प.सं. ०८२।०८३ च.नं. २७४ मिति २०८२।०४।२३ को विवरण उपलब्ध गराइएको सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको समितिको मिति २०८२।०४।०४ को निर्णय नं. १ बाट निर्णय भई आएको वस्तीहरुको देहायको तहगत क्षेत्र अनुसार नै **५ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो।

| सी.न. | टोलको नाम | बस्ति | तहगत क्षेत्र निर्धारण |
|---|---|---|---|
| १ | तारानगर टोल सुधार | देव तालिम केन्द्र आसपास ,आसपास .वि.शारदा मा , राष्ट्र बैंक पुलदेखि पश्चिमका ,एक्सिस कलेज दक्षिण सत्कार चौक ,भित्रि बस्ति बेहडि पुलदेखि पूर्वका बस्ति आसपास . | शहर उन्मुख क्षेत्र |
| २ | तारानगर टोल सुधार | वडा नजोड्ने पुलदेखि पुर्व राष्ट्र बैंकके ५ र ४ . पुलसम्मके मुख्य सडक अगाडीके बस्ति | शहरी क्षेत्र |
| ३ | शिब शक्ति टोल तारानगर | दार्चुला सेवा समितिको उत्तरसत्कार चौक ,पुर्व , पश्चिमका बस्तीहरु | ग्रामिण क्षेत्र |
| ४ | शिब शक्ति टोल तारानगर | राष्ट्रिय आदेखि दक् .बि.षिण मानब सेवा आश्रम रहेको बस्ति क्षेत्र | ग्रामिण क्षेत्र |
| ५ | आस्था टोल तारानगर | सत्कार चौक उत्तरज्ञान मार्ग ,गौरा महेश्वर मन्दिर सम्म , देखि पश्चिम यातायात कार्यालय जाने सडककोम पूर्वका नयाथाली देखि पूर्वका सम्पूर्ण बस्तीहरु ,बस्तीहरु | शहर उन्मुख क्षेत्र |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| सी.न. | टोलको नाम | बस्ति | तहगत क्षेत्र निर्धारण |
|---|---|---|---|
| ६ | यातायात टोल तारानगर | यातायात कार्यालय उत्तरतारानगर पुलदेखि पूर्वका , उत्तरका .बि.लक्ष्मी देरिदेखी पश्चिम रास्ट्रिय आ ,बस्तीहरु टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| ७ | तारानगर टोल , खानेपानी टोल तारानगर | तारानगर पुलदेखि उत्तरबाल ,बिर चौक देखि दक्षिण , बिहानी स्कुलदेखि पश्चिमका टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| ८ | सालघारी टोल तारानगर | बिर चौक देखि उत्तरपूर्वका बस्ति हनुमान मन्दिर देखि , को आवादी जग्गा देखि ६ .दक्षिणका बस्ति र वडा नं पश्चिमका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| ९ | नमुना टोल तारानगर | बिर चौक देखि पूर्वका बस्तीहरु बाल बिहानी स्कुल देखि उत्तरका बस्तीहरुललिता फर्निचर देखि दक्षिण माछा , पोखरी देखि पश्चिमका सम्पूर्ण टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| १० | कैलाश टोल तारानगर | खप्तड चौक देखि उत्तर<br>भगवती टोलजाने पुल देखि दक्षिणका पश्चिमका टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| ११ | शिवशक्ति टोल तारानगर | खप्तड चौक देखि उत्तर पश्चीमका टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| १२ | खप्तड टोल तारानगर | सामुदायिक प्रहरी सेवा केन्द्र देखि पश्चिमखप्तड चौक , तारानगर आसपासका बस्तीहरु र प्रगतिटोलका बस्तीहरु | ग्रामिण क्षेत्र |
| १३ | सरस्वति टोल | खप्तड चौक देखि यातायात जाने मूल सडक देखि दक्षिण र नया थली देखि उत्तर ज्ञान मार्ग देखि पश्चिमका सम्पूर्ण टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| १४ | सद्भाव टोल तारानगर | खप्तड चौक देखि दक्षिण गड्सेरी टोलका बस्तीहरु .पु.भू , ज्ञान निकेतन देखि पश्चिमका सम्पूर्ण टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| १५ | अशिग्राम टोल तारानगर | सामुदायिक पुलदेखि खप्तड चौक जाने बाटोका दक्षिणक बस्तीहरु र पन्चोदय माको पश्चिमको बाटो हुदै नया .बि. थली देखि उत्तरका सम्पूर्ण बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| १६ | सृजनशील टोल तारानगर | पश्चिम मनकामना टोलको सुकुटी नालादक्षिण भगवती , पुर्व शान्तिपुर टोल उत्त ,टोलर मनकामना टोलका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| १७ | शान्तिपुर टोल तारानगर | पुर्व धनगढी खुटिया सडक ( महरा टोल), उत्तर ललिता फर्निचर वडा नंको सिमाना दक्षिण भगवती टोल ६ ., पश्चिम श्रीजनशील टोल बिचका बस्तीहरु | ग्रामिण क्षेत्र |
| १८ | भगवती टोल तारानगर | पश्चिम सुकुटी नाला ठुलोपुल ( बालबिहानीस्कुल), पुर्व उत्तर शान्तिपुर टोलपूर्वमा खुटिया सडक भित्रका सम्पूर्ण , बस्तीहरु | ग्रामिण क्षेत्र |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| सी.न. | टोलको नाम | बस्ति | तहगत क्षेत्र निर्धारण |
|---|---|---|---|
| १९ | सामुदायिक टोल तारानगर (जाइ) | सामुदायिक प्रहरी सेवा केन्द्र देखि उत्तरखुटिया सडकको , सुक ,भगवती टोल देखि दक्षिण ,पश्चिम[illegible]टी नालादेखी पूर्वका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| २० | पिपल चौतारा टोल हसनपुर | उत्तर सामुदायिक प्रहरी सेवा केन्द्र देखि पश्चिम पुरानो गोबर ग्यास पूर्वमा जगदम्बा टोल जाने सडक आसपास लब्ली चौक जाने बाटोको आसपास र पन्चोदय मा .बीको. आसपासका बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| २१ | हसनपुर टोल हसनपुर | राष्ट्र बैंक उत्तर सुकुटी नाला देखि पुर्व पन्चोदय मा .बि. देखि दक्षिण धनगढी खुटिया रोड देखि पश्चिमका सम्पूर्ण बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| २२ | हसनपुर टोल हसनपुर | डिभोटी होटेल देखि पिपल चौतारा सामुदायिक प्रहरी सेवा केन्द्र सम्मको सडक अगाडिको बस्तीहरु | शहरी क्षेत्र |
| २३ | श्री कृष्ण टोल हसनपुर | जगदम्बा टोल देखी दक्षिण मगरा चौक्देखी उत्तर खानेपानी बोरिंग देखि पश्चिम पिप्पल चौतारा टोल देखी पूर्वका सम्पूर्ण बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| २४ | न्युरोड टोल पुरानो हसनपुर टोल | एक्सिस स्कुल देखि पश्चिम क्याम्पस चौक सहिद गेट रोड वडा नंको सिमानासम्म उत्तर तर्फको रोड नजिकका ५ . बस्तीहरु | शहरी क्षेत्र |
| २५ | ज्योतिनगर टोल हसनपुर | ज्येती नगर टोलका पुरै बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| २६ | ज्योतिनगर टोल हसनपुर | ज्येती नगर टोलका पुरै बस्तीहरु | शहर उन्मुख क्षेत्र |
| २७ | शान्तिनगर टोल हसनपुर | श्री कृष्ण टोलको पुर्व छिमेकी डेरीको पश्चिम ज्योतिनगर टोल देखि उत्तर हसनपुर खल्ला देखि दक्षिणका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| २८ | फारवेस्ट टोल हसनपुर | लब्ली चौक देखि दक्षिण शान्तिनगर टोल यु एन ओफिस देखि उत्तर नन्दिनाज स्कुल देखि पुर्व शिवनगर पुलदेखि पश्चिम हसनपुर खल्लाका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| २९ | थारु देउथान टोल जाइ | पिपल चौतारा देखि पुर्व हुदै लब्ली चौक चिर चौक सम्मको मेंन सडकको बस्तीहरु | सहरी क्षेत्र |
| ३० | थारु देउथान टोल जाइ | बसन्त टोल उत्तर आभास्नगर टोल दक्षिण लब्ली चौक उत्तर पुरानो शैलेश्वरी स्कुल देखि दक्षिणका सम्पूर्ण बस्तीहरु | सहर उन्मुख क्षेत्र |
| ३१ | आभाष नगर टोल | खुटिया सडक देखि पुर्व ५ नंवडा कार्यालय जाने . चौकको दक्षिण पुरानो साझाका आसपासका भित्रि बस्तीहरु | ग्रामिण क्षेत्र |

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

| सी.न. | टोलको नाम | बस्ति | तहगत क्षेत्र निर्धारण |
|---|---|---|---|
| ३२ | भैरब महाकाली टोल | वडा न५को कार्यालय चौक को पुर्व हुदै महाकाली टोल . जाने सडक सिमलको रुख्संम थारु देउथान टोल कुश्मिको मिल देखि उत्तर जाइका सम्पूर्ण बस्तीहरु | ग्रामिण क्षेत्र |
| ३३ | मनकामना टोल | वडा ननं ६ ५को कार्यालय चौक उत्तर पश्चिम.. वडा को सिमाना सम्म कालोपुल दक्षिण सुकुटी नाला देखि पूर्वका बस्तीहरु | ग्रामिण क्षेत्र |
| ३४ | महाकाली टोल | वडा नन ६ ५को कार्यालयको पूर्वको पुल देखि पुर्व.. वादको सिमाना सम्म दक्षिण गौरी शंकर टोलदेखि उत्तर टोल बस्तीहरु | ग्रामिण क्षेत्र |
| ३५ | गौरीशंकर टोल जाइ | थारु देउथान तोल्देखी पुर्व चिर चौक आसपास क बस्तीहरुगौरी शंकर मन्दिर आसपासका बस्तीहरु , आसपासका बस्तीहरु ( केराबारी) शिवनगर पुल | ग्रामिण क्षेत्र |
| ३६ | सुन्दर नगर टोल | गौरी शंकर तोल्देखी दक्षिण छिमेकी डेरी हुदै गौरी शंकर मन्दिर जाने में बाटोको पूर्वका बस्ति शेर भाटको घर देखि दक्षिणका बस्तीहरु | ग्रामिण क्षेत्र |
| ३७ | न्यु रोड टोल शिवनगर | दक्षिणमा १ नंवादको सिमाना देखि पश्चिममा शान्तिनगर . टोल उत्तरमा सुन्दर टोल | शहर उन्मुख क्षेत्र |
| ३८ | न्यु रोड टोल शिवनगर | दक्षिणमा १ नंवादको सिमाना देखि पश्चिममा शान्तिनगर . टोलउत्तरमा सुन्दर टोल पश्चिममा शान्तिनगर टोल पूर्वमा चैतन्य स्कुल सम्मका सम्पूर्ण बस्तिहारु | ग्रामिण क्षेत्र |
| ३९ | खानेपानी टोल शिवनगर | उत्तरमा सुन्दरनगर टोल ६ पश्चिममा चैतन्य स्कुल पूर्वमा , वडाको सिमाना भित्रका सम्पूर्ण बस्तीहरु .नं | ग्रामिण क्षेत्र |
| ४० | प्रगतिशील टोल तारानगर | खप्तड चौक जाने बाटो पिपलको रुख देखि भित्र क्षेत्र (दक्षिणको) | ग्रामिण क्षेत्र |

१.३ : धनगढी उपमहानगरपालिका, **६ नं. वडा** कार्यालयको प.सं. ०८२।०८३ च.नं. ४७ मिति २०८२।०४।०४ को क्षेत्र निर्धारण गरि पठाएको सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।०४ को बैठकको निर्णय नं. १ बाट निर्णय भई आए बमोजिम नै **वडा नं. ६ वस्तीको तहगत ग्रामिण क्षेत्र तोक्ने** निर्णय गरियो ।

१.४ : धनगढी उपमहानगरपालिका, **८ नं. वडा** कार्यालयको प.सं. ०८१।०८२ च.नं. २७४२ मिति २०८२।०३।३२ को जानकारी सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०३।३२ को बैठकको निर्णय १ बाट निर्णय भई आएको देहाय बमोजिमको तहगत क्षेत्र बमोजिम नै **८ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो ।

१. सेतोपुल देखि पुर्व वडा नं. ७ को सिमानासम्म मुख्य सडकसँग जोडिएका कित्ता – **शहरी क्षेत्र**
२. शिक्षा नगर क्षेत्र - **शहरी क्षेत्र**
३. गुरही चोक देखि उत्तर क्याम्पस सम्मको सडकसँग जोडिएका कित्ता – **शहरी क्षेत्र** सो भन्दा पश्चिमको रामनगर क्षेत्र र ऐश्वर्य टोल – शहरी उन्मुख क्षेत्र

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

४. कान्तिपुर टोल – शहरी उन्मुख क्षेत्र
५. नवदुर्गा टोल – शहरी उन्मुख क्षेत्र
६. शुभकामना टोल - शहरी उन्मुख क्षेत्र
७. भूईंया माता टोल - शहरी उन्मुख क्षेत्र
८. राधा कृष्ण टोल - शहरी उन्मुख क्षेत्र
९. विद्या नगर - शहरी उन्मुख क्षेत्र
१०. भद्रपुल टोल - ग्रामिण क्षेत्र
११. संगम टोल - ग्रामिण क्षेत्र
१२. गणेश टोल – ग्रामिण क्षेत्र
१३. शिव टोल – ग्रामिण क्षेत्र
१४. राधा स्वामी टोल – ग्रामिण क्षेत्र

**१.५ :** धनगढी उपमहानगरपालिका, **९ नं. वडा** कार्यालयको प.सं. ०८२।०८३ च.नं. ३७ मिति २०८२।०४।१२ को सिफारिस सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।०५ को बैठकको निर्णय नं. १ बाट निर्णय भई आए बमोजिम **वडा नं. ९ को सम्पूर्ण टोल वस्ती र सम्पूर्ण भू-भाग तहगत ग्रामिण क्षेत्र तोक्ने** निर्णय गरियो।

**१.६ :** धनगढी उपमहानगरपालिका, **१० नं. वडा** कार्यालयको प.सं. २०८२।०८३ च.नं. १८ मिति २०८२।०४।०५ को क्षेत्र निर्धारण गरी पठाएको विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।०४ को बैठकको निर्णय नं. १ बाट निर्णय भई आए बमोजिम नै **वडा नं. १० को सम्पूर्ण भू-भागलाई ग्रामिण क्षेत्र तोक्ने** निर्णय गरियो।

**१.७ :** धनगढी उपमहानगरपालिका, **११ नं. वडा** कार्यालयको प.सं. २०८२।०८३ च.नं. १०९ मिति २०८२।०४।२३ को बस्तीको तहगत क्षेत्र निर्धारण गरि पठाएको सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडा समिति र वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।२० को बैठकको निर्णय नं. १ बाट निर्णय भई आए बमोजिम नै **वडा नं. ११ को सम्पूर्ण वस्तीलाई ग्रामिण क्षेत्र तोक्ने** निर्णय गरियो।

**१.८:** धनगढी उपमहानगरपालिका, **१२ नं. वडा** कार्यालयको प.सं. ०८१।०८२ च.नं. ५६ मिति २०८२।०४।०७ को बस्तीको तहगत क्षेत्र निर्धारण गरी पठाएको सम्बन्धमा वडा नं. १२ का का.वा. वडा अध्यक्ष श्री इन्द्रमाया तामाङको अध्यक्षतामा बसेको बैठकको निर्णय नं. १ बाट वडा नं. १२ को पुरै वस्ति ग्रामिण क्षेत्रमा पर्ने भनी निर्णय भई आए बमोजिम नै **वडा नं. १२ को पुरै वस्तिलाई ग्रामिण क्षेत्र तोक्ने** निर्णय गरियो।

**१.९ :** धनगढी उपमहानगरपालिका, **१३ नं. वडा** कार्यालयको प.सं. २०८२।०८३ च.नं. २५८ मिति २०८२।०४।२९ को तहगत क्षेत्र निर्धारण गरि पठाएको सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।२६ को बैठकको निर्णय नं. १ बाट निर्णय भई आएको देहाय बमोजिमको तहगत क्षेत्र बमोजिम नै **१३ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो।

१. सूर्योदय टोल – **शहरोन्मुख**
२. दुर्गा टोल – सडकसँग जोडिएको कित्ता **शहरोन्मुख** र बाँकी जग्गा **ग्रामिण क्षेत्र**
३. आदर्श टोल – **शहरोन्मुख**
४. हिमाली टोल – **ग्रामिण**

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

५. शिव टोल – **ग्रामिण**
६. विष्णु टोल – **शहरोन्मुख**
७. झलारी, वरवट्टा, शिवनगर टोल – **शहरोन्मुख**
८. श्रीलंका (मुक्त कमैया, सुकुम्बासी, कालिका, नमुना टोल) – **शहरोन्मुख**
९. राजपुर – ६ लेन सडकको दायाँ बायाँ ५० मिटर **शहरोन्मुख** र ५० मिटर छोडेर भित्र **ग्रामिण क्षेत्र**
१०. चन्द्र टोल – **शहरोन्मुख**
११. राधा कृष्ण टोल – **शहरोन्मुख**
१२. लक्ष्मी नगर – **ग्रामिण**
१३. अम्बिका टोल – **ग्रामिण साथै**
१४. ६ लेन सडकसँग जोडिएका सम्पूर्ण वडा नं. १३ भित्र पर्ने कित्ताहरु **शहरोन्मुख क्षेत्र** राख्ने अन्य छुटेका यस वडाको सिमा भित्र पर्ने कित्ताहरु **शहरोन्मुख क्षेत्र** तोक्ने

**१.१०:** धनगढी उपमहानगरपालिका, **१४ नं. वडा** कार्यालयको प.सं. २०८२।०८३ च.नं. १३५ मिति २०८२।०४।२० को निर्णय उतार पठाएको सम्बन्धमा विषयको पत्र साथ संलग्न सम्बन्धित वडाको वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिको मिति २०८२।०४।२६ को बैठकको निर्णय १ बाट निर्णय भई आएको देहाय बमोजिमको तहगत क्षेत्र बमोजिम **नै १४ नं. वडाको वस्तीहरुको तहगत क्षेत्र तोक्ने** निर्णय गरियो।

१.१०.१. धनगढी उपमहानगरपालिका अन्तर्गत पर्ने हुलाकी सडकको साथै रिङ रोड ५० मिटर र शाखा सडकहरुको दायाँ बायाँ ३० मिटरसम्मको क्षेत्रलाई **शहर उन्मुख क्षेत्र** रुपमा निर्धारण गर्ने।

१.१०.२. धनगढी उपमहानगरपालिका वडा नं. १४ अन्तर्गत पर्ने हुलाकी सडक लगायत रिङ रोड ५० मिटर तथा शाखा बाटोको दायाँ बायाँको ३० मिटर भन्दा बाँकीको क्षेत्रलाई **ग्रामिण क्षेत्र**का रुपमा क्षेत्र निर्धारण गर्ने।

**निर्णय नं. २ :**

धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयद्वारा धनगढी उपमहानगरक्षेत्रभित्रका वस्तीहरुको तहगत क्षेत्र निर्धारण र भूउपयोग क्षेत्र वर्गीकरणका लागि मिति २०८२।०३।१९ मा प्रकाशित भएको Request For Proposal (धनगढी उपमहागरपालिकाको बस्तिको तहगत क्षेत्र निर्धारण र Preparation of Land Use Plan, Zoining map and DataBase for Dhagadhi Sub-metropolitan) अनुसार परामर्शदाताबाट हाल वस्तीहरुको तहगत क्षेत्र निर्धारणको कामकाज गराउनु नपर्ने भएकोले उक्त Request For Proposal को बाँकी काम रद्द गरी भूउपयोग क्षेत्र निर्धारण गर्ने प्रयोजनका लागि ईच्छुक योग्यता प्राप्त परामर्शदाताहरुबाट Request For Proposal आह्वान गर्ने निर्णय गरियो।

**निर्णय नं. ३**

भूमि समस्या समाधान आयोग, जिल्ला समिति, कैलालीको प.सं. २०८२।८३ च.नं. २९ मिति २०८२।०५।०४ को सहयोग सम्बन्धमा विषयको पत्रबाट वडा नं. १४, १८ र १९ मा विगतका आयोगहरुबाट नापनक्सा भई अधुरा रहेका बाँकी काम सम्पन्न गरी जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउन हाल छनोट गरिएका ७५० थान फाइलहरु सर्जमिन मुचुल्का गर्न यस जिल्ला समितिबाट कर्मचारीहरु सम्बन्धित फिल्डमा खटाउनु पर्ने भएकोले सो को लागि खाजा खर्च वापत रु. १२५,०००।– र ईन्धन खर्च वापत रु. २४,०००।– गरी जम्मा रु.१४९,०००।– सम्बन्धित वडा कार्यालयबाट सहयोग गरिदिन हुन भनी अनुरोध भई आएकोले उक्त रकम सम्बन्धित वडा कार्यालयबाट नभई नगर कार्यपालिकाको कार्यालयबाट उपलब्ध गराउने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ४**

धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत देहायको वडामा सञ्चालनमा रहेको शहरी स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवा केन्द्रको मापदण्ड अनुसारको जनशक्ति र भौतिक पूर्वाधार रहेकोले उक्त शहरी स्वास्थ्य केन्द्रलाई आधारभूत स्वास्थ्य सेवा केन्द्र कायम गरी अब उप्रान्त आधारभूत स्वास्थ्य सेवा केन्द्रको नामबाट सञ्चालन गर्ने निर्णय गरियो।

| क्र.सं. | स्वास्थ्य संस्थाको नाम र ठेगाना | स्वास्थ्य संस्थाको हाल कायम गरिएको नाम र ठेगाना |
|---|---|---|
| १ | शहरी स्वास्थ्य केन्द्र, वडा नं. १०, घुईंयाघाट | आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं. १०, घुईंयाघाट |

**निर्णय नं. ५**

धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८२।०८३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र, वडा नं. १०, घुईंयाघाटलाई Type B Ambulance खरिद गरेर उपलब्ध गराउने र उक्त सेवा केन्द्रले यस अघि Ambulance को भन्सार छुट नलिएको हुनाले भन्सार छुटको लागि सम्बन्धित स्वास्थ्य केन्द्र मार्फत आवश्यक प्रक्रिया अगाडी बढाउन लगाउने निर्णय गरियो।

**निर्णय नं. ६**

यस उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको स्वास्थ्य शाखामा कार्यरत सि.अ.न.मी. सहायकस्तर पाँचौं तहमा कार्यरत अस्मिता लम्साल (क.स.नं.२२०७१८) यस कार्यालयको सहमति लिई चिकित्सक शिक्षा आयोगको परीक्षामा संलग्न भई मिति २०७९।०५।१९ गते देखि २०८२।०५।०१ गते सम्म नेपालगञ्ज नर्सिङ क्याम्पसमा BNS अध्ययन गरी यस कार्यालयमा मिति २०८२।०५।०२ गते ३ वर्षे बेतलबी बिदा स्वीकृतिका लागि निवेदन पेश भएकोमा निजले बिदा स्वीकृत नगराई अध्ययन गर्न गएको अवधिमा उपमहानगरपालिकाको आर्थिक प्रशासन शाखाबाट भएको भुक्तानी नियमानुसार रकम फिर्ता गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम ६१ (५) बमोजिम मिति २०७९।०५।१९ देखि २०८२।०५।०१ सम्मको बेतलबी अध्ययन बिदा स्वीकृतका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ७**

यस उपमहानगरपालिका, नगर कार्यपालिका कार्यालयको स्वास्थ्य शाखामा सि.अ.न.मी. सहायकस्तर पाँचौ तहमा कार्यरत पार्वती वि.क. (क.स.नं.२३०६७१) यस कार्यालयको सहमति लिई चिकित्सक शिक्षा आयोगको परीक्षामा संलग्न भई मिति २०७९।०५।१९ गते देखि २०८२।०५।१८ गते सम्म कर्णाली एकेडेमी अफ हेल्थ साइन्समा BNS अध्ययनरत रहेको र यस कार्यालयमा मिति २०८२।०५।०२ गते ३ वर्षे बेतलबी विदा स्वीकृतिका लागि निवेदन पेश भएकोमा निजले बिदा स्वीकृत नगराई अध्ययन गर्न गएको अवधिमा उपमहानगरपालिकाको आर्थिक प्रशासन शाखाबाट भएको भुक्तानी नियमानुसार रकम फिर्ता गर्ने गरी निजामती सेवा नियमावली, २०५० को नियम ६१ (५) बमोजिम बेतलबी अध्ययन बिदा मिति २०७९।०५।१९ देखि २०८२।०५।१८ सम्मको बेतलबी अध्ययन बिदा स्वीकृतका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं. ८**

धनगढी उपमहानगरपालिकाक्षेत्रभित्र उपमहानगरपालिकाले स्थापना गरेका नगर अस्पतालको सञ्चालन र व्यवस्थापन गर्नका लागि नयाँ प्रस्तावित **"धनगढी उपमहानगरपालिकाको नगर अस्पताल (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८२"** पारित गर्ने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. ९**

साविक जिल्ला विकास समितिको कार्यालय, कैलालीमा कार्यरत कर्मचारी प्रभा भण्डारी मिति २०७४।०४।०१ गते देखि यस धनगढी उपमहानगरपालिकामा कामकाज सरुवा भई आउनु भएकोमा मिति २०७६।०२।१४ मा यसै उपमहानगरपालिकाको सहायकस्तर पाँचौ तहमा समायोजन भई मिति २०७७।०४।०१ गते अधिकृतस्तर छैटौं तहमा स्तर वृद्धि भई काम गर्नु भएको र मिति २०८०।०९।०१ गते राजिना स्वीकृत भई सेवाबाट अवकाश हुनु भएको हुँदा निजलाई संघीय मन्त्रालयबाट उपदान सुविधा वापतको रकम उपलब्ध हुँदा सहायकस्तर पाँचौ तहको हिसाबले भएको र स्तरवृद्धि भएको छैटौं तहको हिसाबले पाउनु पर्ने उपदान वापतको रकम नपाउँदा छैटौं तहको हिसाबले पाउनु पर्ने उपदान वापतको थप रकम रु. ३,५०,०२९।- (अक्षरुपी तीन लाख पचास हजार उनन्तीस मात्र) नपाएको भनी मिति २०८२।०३।०५ गते यस कार्यालयमा निवेदन दिनु भएकोले निज कर्मचारी प्रभा भण्डारीले अधिकृतस्तर छैटौं तहबाट अवकाश हुँदा उपदान वापत पाउनु पर्ने थप रकम रु. ३,५०,०२९।- (अक्षरुपी तीन लाख पचास हजार उनन्तीस मात्र) यस कार्यालयको कर्मचारी कल्याण कोषबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १०**

आर्थिक वर्ष २०८२।०८३ को अवधिमा स्वीकृत वार्षिक नीति, कार्यक्रम तथा बजेटमा उल्लेखित विभिन्न भौतिक संरचनाहरुको निर्माण वा खरिद सम्बन्धी टेण्डर (Quotation/Bid Invitation) आह्वान गर्दा सम्बन्धित कार्यक्रम/आयोजना/क्रियाकलापमा विनियोजित बजेटबाट रकम अपुग हुने देखिएमा एकै वर्षमा सम्पन्न हुने कार्यक्रम/आयोजना/क्रियाकलापहरुको हकमा अन्य शिर्षकहरुमा विनियोजित रकमहरुबाट समेत स्रोत सुनिश्चितता हुने गरी र बहुबर्षिय कार्यक्रम/आयोजना/क्रियाकलापहरुको हकमा आगामी आर्थिक वर्षमा रकम सुनिश्चिता गर्ने गरी नगर प्रमुखस्तरबाट टिप्पणी सदर भएबमोजिम टेण्डर (Quotation/Bid Invitation) आह्वान गरी कार्य गर्ने निर्णय गरियो।

**निर्णय नं. ११**

यस धनगढी उपमहानगरपालिकाको कार्यपालिकाको मिति २०८१।०५।३० गते बसेको ३३ औं बैठकको निर्णय नं. १५ बाट नेपाल संस्कृत विश्वविद्यालय, बेलझुण्डी दाङबाट संस्कृत साहित्यमा दलित समूदायबाट पहिलो "आचार्य" उत्तीर्ण गर्नु हुने कञ्चनपुर जिल्ला भीमदत्त नगरपालिका वडा नं. ३ बस्ने श्री कृष्ण बहादुर दमाईले यस धनगढी उपमहानगरपालिकामा रोजगारीका लागि इच्छा व्यक्त गरी निवेदन पेश गरेमा निजको शैक्षिक योग्यताको आधारमा उपमहानगरपालिकामा उपयुक्त दरबन्दी सिर्जना गरी कामकाजमा लगाउने समेत निर्णय भएकोमा निजले मिति २०८२।०५।९ गते कामकाज गर्ने इच्छा व्यक्त गरी निवेदन समेत दिनु भएकोले निजलाई यस उपमहानगरपालिकाको नगर कार्यपालिकाको कार्यालय अन्तर्गतका विद्यालयहरुको शिक्षासम्बन्धी कामकाजका लागि करार गरी माध्यमिक तह तृतीय श्रेणीको शिक्षकको सुरुतलब स्केल सरहको पारिश्रमिक सुविधा पाउने गरी समावेशी शिक्षा सहजकर्ताको पद नाम दिई कामकाजमा लगाउने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**निर्णय नं. १२**

धनगढी उपमहानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९ (संशोधन सहित) को चौथो संशोधन गर्न पेश भएको नयाँ प्रस्तावित व्यवस्था अनुरुप " **धनगढी उपमहानगरपालिकाको नगर प्रहरी (व्यवस्थापन) कार्यविधि, २०७९ (संशोधन सहित) को चौथो संशोधन २०८२** " पारित गर्ने निर्णय गरियो।

**निर्णय नं. १३**

धनगढी उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, उपमहानगरीय प्रहरी बल अन्तर्गत नगर प्रहरीको देहायका पदमा देहाय बमोजिमका पद संख्या भएको दरबन्दी सिर्जना गर्ने निर्णय गरियो।

| क्र.सं. | दरबन्दी सिर्जना गरिएको पद | दरबन्दी सिर्जना गरिएको पद संख्या | कारण |
|---|---|---|---|
| १ | नगर प्रहरीका लागि हलुका सवारी चालक | ८ (आठ) | सवारी चलाउन |
| २ | नगर प्रहरीका लागि हेभी सवारी चालक | ८ (आठ) | सवारी चलाउन |
| ३ | बैण्डबाजामा प्रयोग हुने बाजा बजाउने नगर प्रहरी जवान | नगर प्रहरी जवान अन्तर्गत कै पदको रिक्त संख्यामध्ये आवश्यकता अनुसार पदपूर्ति गर्ने। | बैण्डबाजाका बाजा बजाउन |
| ४ | नगर प्रहरी जवान (दमकल सञ्चालनका लागि) | ५ (पाँच) | दमकल संख्या एक थप भएकोले |

**निर्णय नं. १४**

निर्णय नं. १३ बमोजिम दरबन्दी सिर्जना गरिएका नगर प्रहरीका पद एवम् यस पूर्व सिर्जना भई राजिना वा अन्य कारणले रिक्त रहेका नगर प्रहरीका विभिन्न पदहरुको रिक्त दरबन्दीमा पदपूर्तिका लागि नगर कार्यपालिकाको कार्यालयले १५ दिन अवधिको करारमा नगर प्रहरीको पदपूर्ति सम्बन्धी सूचना प्रकाशन गरी पदपूर्ति गर्ने निर्णय गरियो।

प्रमाणित गर्ने
गोपाल हमाल
नगर प्रमुख

**आजको बैठक अन्त्य गरियो।**